नेपाल सरकार
# गृह मन्त्रालय
(लागू औषध नियन्त्रण शाखा)

फोन न. ०१-४२११२२२
०१-४२११२८४
ईमेल: drug@moha.gov.np
moha.drugportal@gmail.com
फ्याक्स ०१-४२११२८३
Website: www.drugportal.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६८४

मिति: २०७७/१२/१९

विषय: लागू औषध नियन्त्रण कार्यक्रम सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

उपरोक्त विषयमा पन्ध्रौ योजना (२०७५/७६-२०८०/८१) को समृद्धिका दीर्घकालिन लक्ष्य तथा गन्तव्य अन्तर्गत योजना खाकाको मानव सुरक्षा नतिजा सूचकमा मदिराको हानिकारक प्रयोग गर्ने जनसंख्या (१५ वर्ष वा माथिको उमेर समुह) को आधारवर्ष (२०७५/७६) २.०% (प्रतिशत) को तुलनामा योजनावधिमा १.५% (प्रतिशत) पुऱ्याउने र लागू औषध तथा मदिरा विक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रम लागू भएका स्थानीय तह योजनावधिमा ७५३ वटै स्थानीय तहमा लागू गर्ने लक्ष्य निर्धारण भएको व्यहोरा विदितै छ ।

यस विषय समेतलाई मध्यनजर गर्दै लागू औषध माग घटाउ सम्बन्धी कार्यक्रमलाई प्रदेश तथा स्थानीय तहको कार्यक्रममा मूल प्रवाहीकरणका लागि प्रदेश र जिल्लास्तरीय अभिमुखिकरण/अन्तरक्रिया छलफल पनि भइरहेका छन्।यस विषयसँगै गृह मन्त्रालयबाट भएको लागू औषध प्रयोगकर्ताको सर्वेक्षण, २०७६ बाट समेत युवाहरुमा लागू औषध दुर्व्यसनी र अपराध बढदै गएको चित्रणले दुर्व्यसनीमुक्त, स्वस्थ्य र सभ्य समाज निर्माणका लागि संघ, प्रदेश र स्थानीय सरकारको तर्फबाट कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन आवश्यक देखिएको छ ।

लागू औषध नियन्त्रणका लागि जनचेतना अभिवृद्धि निगरानी नियन्त्रणका कार्य स्थानीय स्तरबाट हुँदा बढी प्रभावकारी हुने कुरामा दुइमत छैन ।अत: १५ औ योजनाको लक्ष्य पूरागर्ने सन्दर्भमा सबै स्थानीय तहहरुले लागू औषध निषेध तथा मदिरा नियन्त्रण माग घटाउ सम्बन्धी नीति तथा कार्यक्रम र बजेटमा मूलप्रवाहीकरणका लागि आवश्यक समन्वय तथा सहजीकरण हुन निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय, सबै :- *सबै स्थानीय तहसंग समन्वय सहजीकरण गरी प्रतिवेदन गर्नुहुन ।*

२०७७/१२/१९

(किशोर विश्वकर्मा)
शाखा अधिकृत